धरान उपमहानगरपालिका

स्थानीय राजपत्र

खण्डः ४ धरान उपमहानगरपालिकाद्वारा प्रकाशित संख्याः ४

मितिः २०७७।११।२७

**भाग १**

**धरान उपमहानगरपालिका**

# संस्था दर्ता सम्बन्धमा ब्यवस्था गर्न वनेको ऐन, २०७७

आज्ञाले
विदुर प्रसाद खनाल
प्रमुख प्रशासकीय अधिकृत

**<u>प्रस्तावनाः</u>**

धरान उपमहानगरक्षेत्रभित्र सामाजिक, धार्मिक, साहित्यिक, साँस्कृतिक, शैक्षिक, बौद्धिक, शारीरिक, वैज्ञानिक, पर्यावरणिय, खेलकुद, क्लवहरु तथा परोपकारी संस्थाहरुको दर्ता, नवीकरण, सञ्चालन तथा व्यवस्थापन गर्न र कानुन बमोजिम दर्ता भएका संघ संस्थाहरुको लगानी र भुमिकालाई प्रभावकारी जवाफदेही र पारदर्शी बनाउदै उपमहानगरको प्राथमिकता क्षेत्रमा काम गर्ने वातावरण बनाउन स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(४ ठ) नं. बमोजिमको कानुनी ब्यवस्था गर्न बाञ्छनिय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ समेतले दिएको अधिकार प्रयोग गरी धरान उपमहानगरपालिकाको आठौ  नगर सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ:

(१)  यस ऐनको नाम "धरान उपमहानगरपालिकाको संस्था दर्ता ऐन, २०७७" रहेको छ ।

(२)  यो ऐन धरान उपमहानगरपालिका क्षेत्रभित्र लागु हुनेछ ।

(३) यो ऐन नगरसभावाट स्वीकृत भई राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

क. "कार्यालय" भन्नाले धरान उपमहानगरपलिका नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

ख. "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

ग. "नगरपालिका" भन्नाले धरान उपमहानगरपालिकालाई  सम्झनु पर्छ ।

घ. "समिति" भन्नाले संस्थाको विधान अनुसार गठन भएको संस्था सञ्चालन समिति सम्झनु पर्छ ।

ङ. "संस्था" भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, साँस्कृतिक, शैक्षिक, बौद्धिक, शारीरिक, वैज्ञानिक, पर्यावरणिय,खेलकुद,क्लवहरु तथा परोपकारी कार्यहरुको विकास एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ संस्था, क्लब, मण्डल, परिषद्, अध्ययन केन्द्र आदि सम्झनुपर्छ र सो शब्दले मैत्रीसंघ समेतलाई जनाउँछ।

च. "स्थानीय अधिकारी" भन्नाले धरान उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

छ. "दातृ निकाय" भन्नाले सामाजिक विकास कार्यमा प्रचलित कानुन बमोजिम सहयोग गर्ने द्धिपक्षिय तथा बहुपक्षिय विकास साझेदारहरुलाई सम्झनुपर्छ ।

ज. "अन्तराष्ट्रिय गैर सरकारी संस्था" भन्नाले अन्य राष्ट्रमा दर्ता भई प्रचलित कानुन बमोजिम अनुमती लिई काम गर्ने संस्थालाई सम्झनुपर्छ ।

३. दर्ता नगरी संस्था खोल्न नहुने : १. यस ऐन बमोजिम दर्ता नगरी कसैले पनि संस्था स्थापना गर्न हुँदैन ।

४. संस्थाको दर्ता तथा संचालन सम्बन्धी : (१) संस्था स्थापना गर्न चाहनेले कम्तिमा सात जना सदस्यता पदाधिकारी रहनेगरी समिति गठन गरी देहायको विवरण खुलाई उपदफा २ बमोजिमका विषय खुलेको संस्थाको विधान र तोकिएको दस्तुर सहित नगरपालिका समक्ष निवेदन दिनु पर्नेछ –

क. संस्थाको नाम,

ख. उद्देश्य, कार्यक्षेत्र र विषय खुल्ने कागजातहरु

ग. संस्था दर्ता गर्ने निर्णयको प्रतिलिपी

घ. कार्य समितिका पदाधिकारीहरुको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

ङ. सस्थाको विधान २ प्रति

च. सम्वन्धित वडा कार्यालयको सिफारिस।

(२) विधानमा खुलाउनु पर्ने विषयहरु:

क. संस्थाको नाम,

ख. उद्देश्य, कार्यक्षेत्र र विषय

ग. समितिका सदस्यहरुको नाम, ठेगाना, पेशा र पदाधिकारीको तीन पुस्ते विवरण

घ. समितिको गठन,काम, कर्तव्य र अधिकार सम्बन्धी ब्यवस्था

ङ. आर्थिक श्रोत तथा स्रोत साधन सम्बन्धी विवरण

च. मुख्य कार्यालय रहने ठेगाना,

छ. संस्थाको छाप

ज. सभा सम्बन्धी व्यवस्था

(३) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि तोकिएको अधिकारीले आवश्यक जाँचबुझ गरी रीतपुर्वक देखिएमा संस्था दर्ता गरी दर्ताको प्रमाण–पत्र दिनेछ ।

(४) संस्था दर्ता गरी दिइने प्रमाणपत्रको ढाँचा, अवधि, नवीकरण प्रक्रिया र दर्ता तथा नवीकरण दस्तुर तोकिए बमोजिम हुनेछ ।

५. संगठित संस्था मानिने : (१) यस ऐन अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ । संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न सक्नेछ । तर सम्पत्तिको वेचबिखन गर्नु परेमा साधारण सभाको निर्णयको आधारमा नगरपालिकाको स्वीकृतमा मात्र वेचविखन गर्न सक्नेछ ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ ।

६. संस्थाको सम्पत्ति : (१) संस्थाको सदस्य वा कर्मचारी लगायतका व्यक्तिले संस्थाको विधान विरुद्ध संस्थाको सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा नगरपालिकाले सम्पत्ति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्ने व्यक्तिबाट फिर्ता गराई दिन सक्नेछ ।

(२) संस्थाको सदस्य वा कर्मचारीले संस्थाको सम्पत्ति, कागजात, प्रतिष्ठा विरुद्ध अपराध वा विगार गरेमा संस्थाले प्रचलित कानुन बमोजिम कारवाही चलाउन सक्नेछ ।

७. यो ऐन स्वीकृत हुनु अघि दर्ता नभई स्थापना भएका संस्थाले दर्ता गर्ने : (१) यो ऐन, प्रारम्भ हुनु भन्दा अघि प्रचलित कानुन बमोजिम दर्ता नभई संचालनमा रहेका संस्थाले यो ऐन प्रारम्भ भएको मितिले छ महिनाभित्र नगर कार्यपालिकाको कार्यालयमा अनिवार्य दर्ता हुनु पर्नेछ । आर्थिक वर्ष समाप्तिको तीन महिना भित्र नियमित रुपमा नवीकरण गर्नु पर्नेछ । म्याद भित्र नविकरण नगरेमा तोकिए बमोजिमको विलम्व शुल्क तिरी नविकरण गर्न सकिनेछ।

क) यो ऐन लागु हुन भन्दा अधी दर्ता भै सञ्चालन भएका संघ सस्थाहरुले यो ऐन प्रारम्भ भएको मितिले ६ महिना भित्र आवश्यक कागजात सहित सुचिकृत हुनु पर्नेछ ।

ख) सुचिकृतको ढाँचा तोकिए बमोजिम हुनेछ ।

८. संस्था गाभिने वा उद्देश्य हेरफेर गर्ने सम्वन्धी व्यवस्था : (१) संस्थाको उद्देश्यमा हेरफेर गर्न आवश्यक देखेमा वा संस्थालाई अर्को संस्थामा गाभ्न उचित ठानेमा सञ्चालन समितिले संस्थाको विधान बमोजिम सभावाट निर्णय गराउनु पर्नेछ ।

(२) संस्थाका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा पारित भएको मानिनेछ । तर, प्रस्ताव कार्यान्वयन गर्न नगरपालिकाबाट स्वीकृति लिनु पर्नेछ ।

९. प्रगति विवरण पेस गर्नु पर्नेः समितिले आफ्नो संस्थाको आयव्यय, लेखा परीक्षण प्रतिवेदन र साधारण सभाको निर्णय सहित वार्षिक प्रगति प्रतिवेदन प्रत्येक वर्ष नगरपालिकामा पेस गर्नुपर्नेछ ।

१०. हिसाब जाँच गर्ने : (१) नगरपालिकाले आवश्यक देखेमा संस्थाको हिसाब कुनै अधिकृतद्वारा जाँच गराउन सक्नेछ ।

(२) हिसाव जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(४) हिसाब जाँच गर्ने अधिकृतले नगरपालिकाले तोकिदिएको म्याद भित्र हिसाब जाँचको प्रतिवेदन पेश गर्नु पर्नेछ । प्रतिवेदनको आधारमा संस्थाको सम्पत्ति, पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको पाईएमा नगरपालिकाले सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीबाट हानी नोक्सानी असूल गर्न प्रचलित कानुन बमोजिम कारवाई चलाउन सक्नेछ । तर प्रचलित कानुनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानुन बमोजिम मुद्दा चलाउन वाधा पर्नेछैन ।

११. निर्देशन दिने : नगरपालिकाले संस्थालाई विधान अनुसार कार्य नगरेको अवस्थामा आवश्यक निर्देशन दिन सक्नेछ । निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

१२. दण्ड सजाय : (१) दफा (३) र (७) नं. बमोजिम दर्ता नगराई संस्था स्थापना वा संचालन गरेको पाइएमा उक्त समितिका सदस्यहरुलाई नगरपालिकाले जनही ५००/- रुपैयाँ जरीवाना गरी संस्था दर्ता गर्न लगाउने वा वन्द गर्न आदेश दिन सक्नेछ ।

(२) दफा (९) बमोजिम हिसाबको विवरण नपठाएमा संस्थालाई नगरपालिकाले १०००/- रुपैयाँ जरीवाना गर्न सक्नेछ।

(३) दफा (१०) को उपदफा (३) बमोजिम हिसाब जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई नगरपालिकाले ५००/- रुपैयाँ जरीवाना गर्न सक्नेछ ।

(४) दफा (८) बमोजिम नगरपालिकाका स्वीकृति नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासँग गाभेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम कारवाही गरेमा वा नगरपालिकाले दिएको निर्देशन पालन नगरेमा नगरपालिकाले त्यस्तो संस्थाको दर्ता निलम्वन गरी कानुन बमोजिम गर्न लगाउनु पर्नेछ। सो नगरेमा खारेज गर्न सक्नेछ ।

१३. पुनरावेदन : दफा (१२) बमोजिम नगरपालिकाले गरेको निर्णय उपर चित्त नबुझ्ने पक्षले पैंतीस दिनभित्र नगर प्रमुख समक्ष पुनरावेदन गर्न सक्नेछ ।

१४. संस्थाको विघटन : (१) संस्थाको विधान बमोजिम कार्य सन्चालन गर्न नसकी वा कुनै कारणवश संस्था विघटन भएमा संस्थाको सम्पूर्ण जायजेथा नगरपालिकामा सर्नेछ ।

(२) उपदफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा जायजेथाले खामे सम्म मात्र दामासाहिले नगरपालिकाले कार्यान्वयन गराइ दिन सक्नेछ ।

१५. अधिकार प्रत्यायोजनः यो ऐन वा यस ऐन अन्तरगत वनेको नियमावली बमोजिम कार्यपालिकालाई प्राप्त अधिकार आवश्यकता अनुसार नगर प्रमुख, उप प्रमुख र प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१६. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम, कार्यविधि बनाउन सक्नेछ ।

१७. अन्य कानुन बमोजिम दर्ता वा स्थापना हुने संस्था : यस ऐनमा लेखिएको जतिको हकमा यसै ऐन बमोजिम र नलेखिएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

१८. खारेजी र बचाउ : (१) नगरपालिका क्षेत्रभित्र संस्था दर्ता ऐन, २०३४ बमोजिम दर्ता भई सञ्चालनमा रहेका स्थानीय संघ सस्थाहरु यसै ऐन बमोजिम दर्ता भएको मानिनेछ ।

(२) यो ऐनमा भएको व्यवस्था संघीय कानुन वा प्रदेश कानुनसँग बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

**प्रमाणिकरण गर्ने**

दस्तखतः-

नाम, थरः- तिलक राई

पदः- प्रमुख, धरान उपमहानगरपालिका

प्रमाणिकरण मितिः- २०७७ साल फाल्गुन २५ गते, मंगलबार